Australian Embassy
Nepal

**MEDIA RELEASE**

**Senior Australian and Nepali Officials Reinforce Partnership and Advance Future Cooperation**

**Kathmandu, Nepal | 24 July 2026 -** A senior Australian Government delegation, led by Ms Sarah Storey, First Assistant Secretary of the South and Central Asia Division at the Department of Foreign Affairs and Trade (DFAT), has concluded a three-day visit to Nepal, reaffirming the strong and enduring partnership between the two countries and identifying new opportunities for cooperation across trade, investment, education, climate action, and sustainable development.

During the visit, Ms Storey co-chaired the Third Nepal-Australia Bilateral Consultation Mechanism (BCM) alongside Mr Amrit Bahadur Rai, Foreign Secretary of Nepal. Ms Storey also co-chaired the inaugural meeting of the Trade and Investment Framework Arrangement (TIFA) Committee with Ministry of Industry, Commerce and Supplies Secretary, Mr Narayan Prasad Sharma Duwadee, marking an important step forward in expanding economic cooperation between the two countries.

The meetings underscored the shared commitment of both governments to deepening bilateral ties, and progressing mutual interests in regional and multilateral forums. Australia also recognised the significant contribution of the Nepali diaspora in Australia, whose skills, enterprise, investment, and industriousness continue to enrich the people-to-people bonds between both countries and strengthen the bilateral relationship.

In addition to the talks, Ms Storey met Foreign Minister, the Hon Shisir Khanal, and Finance Minister, the Hon Dr Swarnim Wagle.

Given the importance of education in the bilateral relationship, Ms Storey interacted with inspiring Nepali alumni from Australian universities at an evening reception. She also engaged with students, academics, youth leaders, and foreign policy practitioners at Tribhuvan University, where she led a discussion on the future of Australia-Nepal relations. Speaking to this audience, Ms Storey highlighted the values that underpin the Australia-Nepal partnership.

"Our shared commitment to democratic principles and the rules-based order is a key pillar of our relationship and provides a strong foundation for working together to advance our shared interests," Ms Storey said.

Ms Storey visited the Living Mountain Lab at the International Centre for Integrated Mountain Development (ICIMOD). Reflecting on Australia's partnership with ICIMOD and commitment to addressing the impacts of climate change, she highlighted Australia's support for regional cooperation and sharing expertise in natural resource management, climate adaptation and disaster risk reduction.

The visit further reinforced the growing momentum in Australia-Nepal relations and the opportunities for deeper cooperation in the years ahead.

**ENDS**

**Media Contact:**
Australian Embassy, Nepal
Krishna.Karki@dfat.gov.au

Australian Embassy
Nepal

# उच्च अष्ट्रेलियाली र नेपाली अधिकारीहरु बिच साझेदारीलाई थप मजबुत बनाउँदै भावी सहकार्यका बारेमा झलफल

काठमाडौं, नेपाल | २४ जुलाई २०२६ - अष्ट्रेलियाली डिपार्टमेण्ट फर फरेन अफेयर्स एण्ड ट्रेड (DFAT) को दक्षिण तथा मध्य एशिया महाशाखाका प्रथम सहायक सचिव श्री सेरा स्टोरीको नेतृत्वमा आएको अष्ट्रेलिया सरकारको वरिष्ठ प्रतिनिधिमण्डलले नेपालको तीन दिने भ्रमण सम्पन्न गरेको छ। भ्रमणका क्रममा दुई देशबीचको विद्यमान बलियो र दीर्घकालीन साझेदारीलाई जोड दिंदै व्यापार, लगानी, शिक्षा, जलवायु परिवर्तन तथा दिगो विकास लगायतका क्षेत्रमा सहकार्यका नयाँ अवसरहरू पहिचान गरिएको छ।

भ्रमणका क्रममा श्री स्टोरीले नेपालका परराष्ट्र सचिव श्री अमृत बहादुर राइसँग संयुक्त रूपमा नेपाल–अष्ट्रेलिया द्विपक्षीय परामर्श संयन्त्र (BCM) को तेस्रो बैठकको सह-अध्यक्षता गर्नुभयो। साथै, उहाँले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीसँग संयुक्त रूपमा व्यापार तथा लगानी रूपरेखा व्यवस्था (TIFA) समिति को पहिलो बैठकको पनि सह-अध्यक्षता गर्नुभयो। यो समिति बैठक दुई देशबीचको आर्थिक सहकार्य विस्तार गर्ने दिशामा महत्वपूर्ण कदम रहेको छ।

उक्त बैठकहरूले द्विपक्षीय सम्बन्धलाई अझ गहिरो बनाउने तथा क्षेत्रीय एवं बहुपक्षीय मञ्चहरूमा साझा हितहरू अघि बढाउने विषयमा दुवै सरकारको साझा प्रतिबद्धता ब्यक्त गरे। अष्ट्रेलियाले त्यहा बसोबास गर्ने नेपाली समुदायको महत्वपूर्ण योगदान प्रति सम्मान प्रकट गरेको छ। उनीहरूको सीप, उद्यमशीलता, लगानी तथा मेहनती स्वभावले दुई देशबीचको जनस्तरीय सम्बन्धलाई अझ सुदृढ बनाउँदै द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन योगदान पुर्‍याइरहेको छ।

द्विपक्षीय संयन्त्रका बैठकहरुका साथै श्री स्टोरीले परराष्ट्रमन्त्री माननीय शिशिर खनाल तथा अर्थमन्त्री माननीय डा. स्वर्णिम वाग्लेसँग पनि भेटवार्ता गर्नुभयो।

द्विपक्षीय सम्बन्धमा शिक्षाको विशेष महत्वलाई ध्यानमा राख्दै, श्री स्टोरीले एक स्वागत समारोहमा अष्ट्रेलियाली विश्वविद्यालयहरूबाट अध्ययन गरेका नेपाली पूर्वविद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी, शिक्षाविद्, युवा नेताहरू तथा वैदेशिक नीति क्षेत्रका विज्ञहरूसँग पनि भेटघाट गर्दै अष्ट्रेलिया–नेपाल सम्बन्धको भावी दिशाबारे छलफलको नेतृत्व गर्नुभयो। उक्त कार्यक्रममा बोल्दै श्री स्टोरीले अष्ट्रेलिया–नेपाल साझेदारीको आधारभूत मूल्यहरूबारे प्रकाश पार्नुभयो।

"लोकतान्त्रिक मूल्य तथा नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाप्रति हाम्रो साझा प्रतिबद्धताहरु हाम्रो सम्बन्धको महत्वपूर्ण आधारस्तम्भ हो। यसले साझा हितहरू प्रवर्द्धन गर्नका निमित्त मिलेर काम गर्ने बलियो आधार प्रदान गर्छ," श्री स्टोरीले भन्नुभयो।

श्री स्टोरीले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) अन्तर्गतको गोदावरी स्थित *लिभिङ माउन्टेन ल्याब* को पनि भ्रमण गर्नुभयो। ICIMOD सँग अष्ट्रेलियाको साझेदारी तथा जलवायु परिवर्तनका प्रभावहरू सम्बोधन गर्न अष्ट्रेलियाको प्रतिबद्धताबारे चर्चा गर्दै उहाँले प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा क्षेत्रीय सहकार्य र ज्ञान आदानप्रदानलाई अष्ट्रेलियाले निरन्तर साथ रहिरहने बताउनुभयो ।

यस भ्रमणले अष्ट्रेलिया–नेपाल बिचको सुमधुर सम्बन्धलाई थप गतिशील बनाउनुका साथै आगामी वर्षहरूमा अझ गहिरो सहकार्यका अवसरहरू सृजना गरेको छ।

समाप्त

मिडिया सम्पर्क:
अष्ट्रेलियन दूतावास, नेपाल
Krishna.Karki@dfat.gov.au